राजदूत जेम्स एफ मोरियार्टीको संक्षिप्त जीवनी

जेम्स एफ मोरियार्टीले २०६१ साउन १ गते नेपालमा अमेरिकी राजदूतको रुपमा आफ्नो ओहदाको प्रमाणपत्र प्रस्तुत गर्नुभयो । यहाँ आउनुअगाडि सन् २००२ देखि २००४ सम्म वहाँ अमेरिकामा राष्ट्रपतिको विशेष सहयोगी तथा अमेरिकी राष्ट्रिय सुरक्षा परिषद् (National Security Council) मा वरिष्ठ निर्देशकको रुपमा कार्यरत हुनुहुन्थ्यो । त्यहाँ प्रशान्त क्षेत्र तथा पूर्वी र दक्षिणी एशियासम्बन्धी अमेरिकी नीतिमा परामर्श दिने तथा संयोजन गर्ने जिम्मेवारी वहाँमाथि थियो । त्यसअघि सन् २००१ देखि २००२ को अवधिमा वहाँ ह्वाइट हाउसमा परिषद्को चीन मामिलासम्बन्धी निर्देशकको रुपमा कार्य गर्नुहुन्थ्यो ।

सन् १९९८ देखि २००१ सम्म राजदूत मोरियार्टीले बेइजिङस्थित अमेरिकी दूतावासमा राजनैतिक परामर्शदाताको रुपमा कार्य गर्नुभएको थियो । १९९४-१९९८ को अवधिमा वहाँले ताइवानस्थित अमेरिकी इन्स्टिच्युटमा राजनैतिक शाखाको नेतृत्व गर्नुभएको थियो । वहाँले चीनद्वारा ताइवानको खाडी (Taiwan Strait) मा गरिएको मिसाइल परीक्षण, अमेरिकाद्वारा बेलग्रेडस्थित चाइनिज दूतावासमा भएको आक्रमण र अमेरिकी सैन्य विमानमा चीनको हाइनान प्रान्तमाथि गरिएको आक्रमणसम्बन्धमा अमेरिकी प्रतिक्रियाको प्रारुप निर्माण गर्नुभएको थियो । राजदूत मोरियार्टीले अमेरिकी राष्ट्रिय सुरक्षा परिषद् तथा चीन र ताइवानमा रहँदा २१ औं शताब्दी सुहाउँदो हुने गरी अमेरिकाको चीन नीतिको जग बसाल्न सहयोग गर्नुभएको थियो ।

सन् १९९१-९३ को अवधिमा अमेरिकी विदेश मन्त्रालयअन्तर्गतको संयुक्त राष्ट्रसंघीय राजनैतिक मामिला कार्यालयमा उपनिर्देशकको रुपमा कार्यरत रहँदा मोरियार्टीले राष्ट्रसंघ सुरक्षा परिषद्सम्बन्धी अमेरिकी नीतिहरुको संयोजन गर्ने काम गर्नुभएको थियो । पूर्व युगोस्लाभिया टुक्रिँदाखेरी आफूद्वारा प्रस्तुत सैद्धान्तिक अवधारणाका लागि वहाँले अमेरिकी विदेश सेवा संघ (American Foreign Service) बाट रिभकिन पुरस्कार (Rivkin Award) प्राप्त गर्नुभएको थियो । राजदूत मोरियार्टीले १९९३-९४ सम्म होलोलुलु, हवाईस्थित इस्टवेस्ट सेन्टर (East-West Center) मा आवासीय कुटनीतिज्ञका रुपमा समेत काम गर्नुभएको थियो ।

यी जिम्मेवारीहरुका अतिरिक्त राजदूत मोरियार्टीले पाकिस्तान, स्वाजील्याण्ड तथा मोनाकोस्थित अमेरिकी राजदूतावासहरुमा र साथै बेइजिङ र ताइपेइमा पनि विभिन्न ओहदामा रही काम गर्नुभएको छ । वहाँले विदेश मन्त्रालयमा रही अफ्रिकी मामिलामा पनि काम गर्नुभएको छ । राजदूत मोरियार्टी सन् १९७५ मा अमेरिकी विदेश सेवामा प्रवेश गर्नुभएको हो ।

राजदूत मोरियार्टीले डार्टमाउथ कलेजबाट इतिहास विषयमा उच्चतम श्रेणीमा स्नातक उपाधि प्राप्त गर्नुभएकोछ । वहाँ चीनीयाँ, नेपाली, उर्दु र फ्रेन्च भाषा बोल्नुहुन्छ । वहाँले आफ्ना योगदानका लागि विभिन्न उपाधि र पुरस्कारहरु प्राप्त गर्नुभएकोछ । चीनमा रहँदा वहाँले गरेका कार्य र युगोस्लाभियासम्बन्धमा वहाँले पुऱ्याउनुभएको योगदानका लागि राजदूत मोरियार्टीले व्यक्तिगत रुपमा State Department Superiour Honor Award तथा संयुक्त रुपमा दुइवटा Superior Honor Award प्राप्त गर्नुभएकोछ । पाकिस्तानमा रहँदा आफूले गरेका विश्लेषण तथा रिपोर्टिङका कारण विदेश मन्त्रालयको उत्कृष्ट प्रतिवेदकका रुपमा वहाँले १९८७ मा Director General's Award पनि प्राप्त गर्नुभएको थियो । यसका अतिरिक्त २००५ मा Presidential Pay Award तथा विभिन्न समयमा State Department Performance Pay पुरस्कारहरु प्राप्त गर्नुभएको छ ।

राजदूत मोरियार्टी अमेरिकाको म्यासाच्युसेट्स राज्यस्थित वयर भन्ने ठाउँको स्थायी वासिन्दा हुनुहुन्छ । वहाँकी धर्मपत्नी लाउरेन मोरियार्टी पनि वरिष्ठ अमेरिकी कुटनीतिज्ञ हुनुहुन्छ । वहाँहरुका मन नामका एक छोरा र केट क्यानानी नामकी एक छोरी छन् ।